संख्या नं :

# ओमसतिया गाउँपालिका व्यवायिक गाई,भैसी,बंगुर,बाख्रा,पंक्षि तथा मत्स्य फार्म दर्ता कार्यान्वयन कार्यविधि, २०७६

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७६/००/० |

ओमसतिया गाउँपालिका

रुपन्देही जिल्ला

५ नं. प्रदेश,नेपाल

व्यवसायीक गाई,भैसी,बंगुर,बाख्रा, पंक्षी तथा मत्स्य फार्म दर्ता कार्यान्वयन कार्यविधि ,२०७६

प्रस्तावना,

व्यवसायीक गाई,भैसी,बंगुर,बाखा , पंक्षी तथा मत्स्यजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बढाई स्वस्थ उत्पादनको उपलब्धता सुनिश्चित गरी खाद्द सुरक्षण तथा पोषण सुरक्षा गर्न,व्यवसायीक फार्मलाई संक्रामक रोगबाट मुक्त राख्दै,किसान हरुलाई व्यवसयीक पशुपालनमा आवद गराउदै,व्यवसायको प्रवद्धन ताथा जनस्वास्थ्य र वातावरण स्वास्थ्यको संरक्षण गर्ने ओमसतिया गाउँपालिका ले यो कार्यविधि तर्जुमा गरी लागु गर्न बान्छनिय भएको छ।

परिच्छेद -१

प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भ :

१) यो निर्देशिकाको नाम "व्यवसायिक गाई,भैसी,बंगुर,बाखा, पंक्षी तथा मत्स्य फार्म दर्ता कार्यान्वयन कार्यविधि ,२०७६ रहेने छ।

२) यो कार्यविधि गाउँ कार्यपालिका बाट पारित भए पश्चात ओमसतिया गाउँपालिका भित्र तुरुन्त परारम्भ हुने छ।

२ परिभाषा :विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "व्यवसायीक फार्म" भन्नाले व्यवसायीक प्रयोजनको लागी स्थापना भई कम्तिमा गाई,भैसी दुहुना ५ वटा,बाख्रा २० वटा माउ,बंगुर ५ वटा माउ,पंक्षी २००वटा पालन गर्ने फार्मलाई सम्झनु पर्दछ।

ख) "पशु" भन्नाले उनन्त नशलका गाई,भैसी,बंगुर लगायतका अन्य घरपालुवा पशुहरुलाई समेत सम्झनु पर्दछ।

ग) पंक्षी भन्नाले कुखुरा,हाँस,वट्टाई,लौकाट,टर्कि,अष्ट्रिच लगायतका अन्य घरपालुवा चरा समेत सम्झनु पर्छ ।

घ) मत्स्य भन्नाले स्थानिय,तथा उन्नत जातका माछा का जातहरु सम्झनु पर्दछ।

ङ) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन,२०५५ सम्झनु पर्दछ।

च) ;'नियमावाली" भन्नाले पशु स्वास्थ्थ तथा पशु सेवा नियमावली,२०५६ सम्झनु पर्छ।

छ) "कार्यालय" भन्नाले ओमसतिया गाउँपालिकाको कार्यालय लाई सम्झनु पर्दछ।

ज) "प्रशासकीय प्रमुख" भन्नाले ओमसतिया गाउँपालिकको प्रमुख प्रशासकीय अधिकृत लाई सम्झनु पर्दछ।

झ) "संबन्धीत साखा" भन्नाले ओमसतिया गाउँपालिकाको पशु सेवा साखा लाई सम्झनु पर्दछ।

ञ) "संस्था" भन्नाले पशु तथा पंक्षिजन्य व्यवसाय संचालन गर्ने उद्धेश्य लिएर निश्चित नियम,विधि अनुसार गठन भई आधिकारिक निकायमा दर्ता भएका संध संस्था सम्झनु पर्छ।

ट) "अनुगमनकर्ता" भन्नाले ओमसतिया गाउँपालिका कार्यालयले तोकेको पशु सेवा प्राविधिक कर्मचारी लाई सम्झनु पर्छ।

## परिच्छेद -२

## प्रारम्भिक

क) व्यवसायीक गाई,भैसी फार्मको वर्गीकरण

१) <u>साना व्यवसायीक गाई,भैसी फार्म</u> : साना व्यवसायीक गाई,भैसी फार्म भन्नाले ५ देखी १० वटा उन्नत दुधालु गाई वा भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ।

२) <u>मझौला स्तरका व्यवसायिक गाई, भैसी फार्म</u> : ११ देखि ३० वटा सम्म उन्नत दुधालु गाई वा भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ।

३) <u>ठुला व्यवसायीक गाई,भैसी फार्म</u> : ३१ वटा भन्दा माथि उन्नत दुधालु गाई वा भैसी पालन गरी दुध उत्पादन व्यवसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ।

ख) व्यवसायीक वंगुर फार्म को वर्गिकरण

१ साना व्यवसायीक बंगुरपालन फार्म : पाठापाठी उत्पादनको लागी भए कम्तिमा ५ देखी ७ वटा माउ र मासु उत्पादनको लागी भए कम्तीमा १० वटा भन्दा माथी वयस्क बंगुर पालि आएका कृषक वा कृषक/समुह हुनु पर्दछ ।

२)मझौला स्तरका व्यवसायिक बंगुर पालन फार्म : पाठापाठी उत्पादनको लागी भए कम्तिमा ८ देखी १२ वटा माउ र मासु उत्पादनको लागी भए कम्तीमा १५ देखी २५ वटा वयस्क बंगुर पालि आएका कृषक वा कृषक/समुह हुनु पर्दछ ।

३)ठुला व्यवसायीक बंगुर फार्म : पाठापाठी उत्पादनको लागी भए कम्तिमा १३ वटा माउ भन्दा माथि र मासु उत्पादनको लागी भए कम्तीमा २६ वटा भन्दा माथी वयस्क बंगुर पालि आएका कृषक वा कृषक/समुह हुनु पर्दछ ।

ग) व्यवसायीक बाखा फार्म को वर्गिकरण

१) साना व्यवसायीक बाखा फार्म : साना व्यवसायीक बाखा फार्म भन्नाले १० देखी २० वटा माउ बाखा पालनगरी व्यवसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ।

२) मझौला स्तरका व्यवसायिक बाखा फार्म : २१ देखि ३५ वटा माउ बाखा पालनगरी व्यवसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ।

३) ठुला व्यवसायीक बाखा फार्म : ३६ वटा भन्दा माथी माउ बाखा पालनगरी व्यवसाय शुरु गरी आएका फार्महरुलाई मानिने छ ।

घ) व्यवसायीक मत्स्य फार्म को वर्गिकरण

१) साना व्यवसायीक मत्स्य फार्म : साना व्यवसायीक मत्स्य फाम भन्नाले १० कठ्ठा देखी १ बिगहा सम्मको मत्स्य फार्मलाई सम्झनु पर्दछ।

२) मझौला स्तराका व्यवसायिक मत्स्य फार्म : मझौला स्तरका मत्स्य फार्म भन्नाले १ बिगहा देखी २ बिगहा लाई संझनु पर्दछ।

३) ठुला व्यवसायिक मत्स्य फार्म : ठुला मत्स्य फार्म भन्नाले २ बिगहा भन्दा माथिको फार्म लाई सम्झनु पर्दछ।

## परिच्छेद -३

## प्रारम्भिक

१) <u>पशु पंक्षी तथा मत्सय व्यवसाय दर्ता प्रकृया</u> :-

क) गाई,भैसी,बाखा,बंगुर तथा मत्स्य फार्म दर्ताको लागी ओमसतिया गाउँपालिका को पशु सेवा शाखामा आएर फार्म दर्ताको निवेदन फारम भर्नु पर्ने छ।

ख) पंक्षी पालन व्यवसायको लागि ओमसतिया गाउँपालिका को पशु सेवा शाखामा आएर पोल्ट्री फार्म दर्ताको निवेदन फारम भर्नु पर्ने छ।

ग) बंगुर र पंक्षीको हकमा मानव बस्ति,सरकारी कार्यालयको पुर्व,पश्चिम,उत्तर,दक्षिणमा ७०० मिटर भन्दा टाढा हुनु पर्दछ,अन्यथा त्यो फर्म दर्ता हुने छैन।

घ) व्यवसायीक फार्म दर्ता गरनको लागी गाई,भैसी दुहुना ५वटा,बाखा माउँ २० वटा,बंगुर वयस्क ५ वटा,पंक्षी २०० वटा अनिवार्य रुपमा हुनु पर्दछ अन्यथा फर्म दर्ता हुने छैन।

ङ) व्यवसायीक मत्स्य फार्म दर्ता गर्नको लागी कम्तीमा १० कठ्ठामा व्यवसाय सय्चालन गरेको हुनु पर्नेछ।

च) नागरिकताको फोटोकपी १ प्रति।

छ) व्यतिगत निवेदन हुलाक टिकट रु १० सहितको।

ज) वडा कार्यालयको सिफारिस।

झ) व्यवसाय सञ्चालन गर्ने ठाउँ वरपरको ४-५ जनाको सर्जमिन मुचुल्का कागज,जसमा व्यतिहरुको नागरिकता को फोटोकपि पनि समावेश गर्नु पर्ने छ।

ञ) २ प्रति फोटो

ट) व्यवसाय सञ्चालन गर्न जग्गा भाडामा लियको भए जग्गा धनि संगको सझौता पत्र,कम्तिमा ५ बर्षको हुनुपर्ने छ।

ठ) पशु सेवा शाखा का प्राविधिक को प्रत्यक्ष निरिक्षण तथा अनुगमन पछि मात्र फार्म दर्ता प्रकृया अगाडि बढने छ।

२) पशु पंक्षी तथा कृषक समुह दर्ता प्रकृया :-

क) समुहको विधानको फोटोकपी १ प्रति ।

ख) समुहको ३ चोटि बैठकको माइनुटको फोटोकपी १/१ प्रति।

ग) समुहको सदस्यको व्यतिगत फोन नं.,ठेगाना विवरण।

घ) निवेदन रु १० को हुलाक टिकट सहित।

ङ) वडाको सिफारिस।

च) समुहको छाप।

## परिच्छेद -४

## प्रारम्भिक

१) कुनै पनि पशु पंक्षी फार्म को कारणावाट मानव स्वास्थ्य र वातावरणमा नकारात्मक असर परेको जानकारी प्राप्त भएमा सो सम्वनधमा ओमसतिया गाउँपालिका लाई जानकारि दिनु सम्बन्धित सबै को कर्तव्य हुनेछ। यस्तो सुचना प्राप्त भएपछि ओमसतिया गाउँपालिका ले विस्तृत अध्ययान गरी आवश्यकता अनुसार समस्याको किनारा लगाउनु पर्ने छ।

२) जाँचवुझ गर्दा सम्बन्धीत फार्म वा समुहसंग आवश्यकता अनुसार ओमसतिया गाउँपालिका ले स्पस्टिकरण माग गर्न सक्नेछ।

३) यसरी छानविन गर्दा कुनै फार्म,संस्था दोषि पाइएमा ओमसतिया गाउँपालिकाले नियम वमोजिम कारवाही गर्नेछ।

४) पशु, पंक्षीपालन व्यवसाय संचालन गर्दा न्युनतम जैविक सुरक्षा लगायतका प्रावधानहरु अनिवार्य रुपमा पालना गरिएको हुनु पर्दछ।

५) पंक्षीपालन व्यवसाय घना मानव वस्ती(१५ घरधुरी नजिकमा रहेको)भित्रको क्षेत्रमा गर्न पाईने छैन। पंक्षी रहेको खोरमा मानिस वस्न पाईने छैन।

६) फार्म वा समुह संस्था ले पेश गरेको प्रमाणहरुमा परक पर्न गएमा वा कुनै व्यक्तिले व्यहोरा खोली उजुरी गरेमा सो सम्बन्धमा ओमसतिया गाउपालिकाले छानविन तथा निरिक्षन गर्नु गराउनु पर्नेछ।

७) यसरि दर्ता भएका फार्म हरु १ वर्ष पुगिसके पछि अनिवार्य नविकरण गर्नु पर्नेछ। अन्यथा सो फार्म स्वतह खारेज हुनेछ।

विविध :

व्यवसायिक कृषक हुनका लागि सघिय सरकार कृषि तथा पशु पंन्छि विकास मन्त्रालय पशुसेवा विभाग अन्तरगत संञ्चालित युवालक्षित कार्यक्रम कार्यान्यन कार्यविधि २०७१( प्रथम संसोधन,२०७२) को दफा ४ (ग) वमोजिम माथि कार्यविधिमा उल्लेख भएअनुसार का नियम प्रकृया पुराई आएका कृषक लाई व्यवसायिक प्रमाण पत्र उपलव्ध गराउन सकिने र प्रकृया नपुराई दर्ता गर्न आएका कृषक लाई व्यवसायिक प्रमाण पत्र उपलव्ध गराउन नसकिने भएको हुदा यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अनुसार गरिने यदि कार्यपालिकाले निर्णय गरेमा दुई प्रकृतिको प्रमाण पत्र जारि गरिने छ।

१) माथि उल्लेखित नियम प्रकृया-पुर्याई आएको फार्म लाई व्यवसायिक फार्म दर्ता प्रमाण पत्र उपल्वध गराईने छ।

२) व्यवसाय सञ्चालन प्रारम्भ गर्ने प्रकृयामा रहेका कृषक हरुको लागि व्यवसाय सञ्चालन गर्न ईच्छुक रहेको प्रमाण पत्र उपल्वध गराईने छ।